विद्यावारिधि

# धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकतात्त्विक प्रतिविम्बन

धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकतात्त्विक प्रतिविम्बन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता

**प्रतिभा पुन**

विद्यावारिधि दर्ता नं. : ४७/२०७३ साउन सत्र

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८२

प्रतिभा पुन

२०८२

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि शोधार्थी प्रतिभा पुनले *धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकतात्त्विक प्रतिविम्बन* शीर्षकको प्रस्तुत शोधप्रबन्ध हाम्रा निर्देशनमा तयार गर्नुभएको हो । उहाँले आन्तरिक मूल्याङ्कनपश्चात पूर्वप्रस्तुति मौखिक परीक्षा, बाह्य मूल्याङ्कनका क्रममा आएका सुझाव तथा अन्तिम मौखिक प्रतिरक्षामा प्राप्त सुझावअनुसार आवश्यक परिमार्जन गरी यो शोधप्रबन्ध प्रस्तुत गर्नुभएको छ । हामी उहाँको यस शोधकार्यप्रति सन्तुष्ट छौँ । यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

.............................

**प्रा.डा. जीवेन्द्र देव गिरी**

शोधनिर्देशक

.............................

**डा. गोविन्दप्रसाद शर्मा**

सहशोधनिर्देशक

मिति :

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत *धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोतात्त्विक प्रतिविम्बन* नामक शीर्षकको यो शोध प्रवन्ध मैले प्रा.डा. जीवेन्द्र देव गिरीको निर्देशनमा सम्पन्न गरेको मौलिक कार्य हो । यो शोधकार्य पूर्णतः क्षेत्रकार्यमा आधारित छ । प्रस्तुत शोधकार्यमा अध्ययन क्षेत्रका विभिन्न स्रोतव्यक्तिबाट सामग्री सङ्कलन गरिएको छ । उहाँहरूप्रति म कृतज्ञ छु । यस शोधप्रबन्धका तथ्य र त्यसको विश्लेषण यसअघि कहीँ पनि कुनै उपाधि वा प्रयोजनका लागि उपयोग गरिएको छैन । यसका कुनै पाठ पुस्तक वा पुस्तकका अंशका रूपमा कतै प्रकाशन गरिएको छैन । यहाँ मैले प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु । .

.................

**प्रतिभा पुन**

शोधार्थी

मिति :

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति मैले २०७३ सालमा *धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकतात्त्विक प्रतिविम्बन* नामक शीर्षकको शोधप्रबन्ध प्रारम्भ गरेकी हुँ । प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु प्रा.डा. जीवेन्द्र देव गिरीज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्ना व्यस्ततालाई पर्वाह नगरी आफ्ना निर्देशनमा राखेर आद्योपान्त लेखन तथा परिष्कारका लागि महत्त्वपूर्ण भूमिका पूरा गर्नुभएका शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. जीवेन्द्र देव गिरीज्यूको प्राज्ञिक निर्देशनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यसै गरी शोधकार्यमा थप आवश्यक प्राज्ञिक परामर्श तथा निर्देशन गरी अगाडि बढ्न सहयोग गर्नुभएका सहशोधनिर्देशक सहप्रा.डा. गोविन्दप्रसाद शर्माज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यही अध्ययनका समयताका विश्व परिवेशमा देखा परेको कोरोना महामारीमा पिरोलिनु परेको तथा प्रथमतः क्यान्सर सङ्क्रमितलाई जित्नु भए तापनि दोस्रो महामारीका रूपमा फैलिएको कोरोनाका कारण गुमाउनु परेका आदरणीय गुरु प्रा.डा. मोतीलाल पराजुलीज्यूको सहयोगप्रति हार्दिक नमनसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

प्रस्तुत शोधकार्यका क्रममा प्राज्ञिक तथा प्रशासनिक सहयोग गर्ने नेपाली केन्द्रीय विभागका तत्कालीन विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमज्यू लगायत सम्बन्धित सम्पूर्ण कर्मचारीज्यूहरू तथा शोधकार्यलाई अगाडि बढ्न थप आवश्यक प्राज्ञिक परामर्श, सल्लाह, सुझाव दिनु भएका प्रा.डा. खगेन्द्र लुइटेलज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । प्रस्तुत शोधकार्य स्वीकृत गरी अध्ययन कार्यलाई अगाडि बढाउन सहयोग गर्नुहुने त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालयका पूर्व डीन प्रा.डा. कुसुम शाक्यज्यू, वर्तमान डीन प्रा.डा. दुबिनन्द ढकालज्यू लगायत सम्पूर्ण सम्बन्धित शाखाका कर्मचारीहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । क्षेत्रीय अध्ययनको महत्त्वलाई बुझेर विद्वत्वृत्ति प्रदान गरी सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुर र त्यहाँका कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध पूर्णतया स्थलगत सर्वेक्षणमा आधारित छ । स्थलगत सर्वेक्षणका क्रममा धौलागिरि पर्वत अवस्थित क्षेत्र म्याग्दी जिल्ला र त्यसका छिमेकी क्रमशः पर्वत र मुस्ताङ जिल्लाहरूका स्थानीय तहका सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनु भएका सम्पूर्ण व्यक्तिहरूप्रति ऋणी छु ।

क्षेत्रबाट प्राप्त सामग्रीको विश्लेषणका लागि लागि प्राज्ञिक रूपमा सहज वातावरण तयार गर्न मद्धत गरिदिनु हुने र हरेक क्षण सकारात्मक उत्प्रेरणा एवम् मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय गुरुहरू प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. माधवप्रसाद पोखेल, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. तुलसी दिवस, प्रा.डा. प्रेम खत्री, प्रा.डा. महादेव अवस्थी, प्रा. केशव सुवेदी, प्रा.डा. ताराकान्त पाण्डेय, प्रा.डा. कपिलदेव लामिछाने, प्रा.डा. ऋषिराम शर्मा, प्रा.डा. कृष्णप्रसाद घिमिरे, सहप्रा.डा. दुर्गाबहादुर घर्ती, प्राज्ञ डा. धनप्रसाद सुवेदी, उपप्रा. दिव्यश्वरी जोशी, भारतको

सिक्किमस्थित कञ्चनजङ्घा विश्वविद्यालयका विद्वान् मित्र डा. सूचन प्रधान, मित्रहरू उपप्रा. सञ्जय खतिवडा, उपप्रा. जगतमणि सोतीप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसका साथै सामग्री सङ्कलन कार्यमा सहयोग पुऱ्याउने नेपाली केन्द्रीय विभागको पुस्तकालय, त्रि.वि.केन्द्रीय पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठाको पुस्तकालय, मगर अध्ययन केन्द्रको कार्यालय एवम् त्यहाँका कर्मचारीप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावमा हार्दिक आभार व्यक्त गर्दछु । उच्चशिक्षा प्राप्तिका लागि सदैव आन्तरिक अभिप्रेरणा तथा उत्साह भरिदिनुहुने आदरणीय पुसै (ससुरा बुबा) गेरु (गर्बुजा), छोरी रेशमा पुन, आमा जसमाया पाइजा, बाबा जीतबहादुर पाइजाप्रति सदैव ऋणी छु । अध्ययनका क्रममा शोधकार्य छिटो सक्नुपर्छ भन्दै सकरात्मक सोंचका साथ प्रेरणा दिनुहुने स्वर्गीय आदरणीय गुरुआमा तारादेवी पराजुलीज्यू (धर्मपत्नी प्रा.डा. मोतीलाल पराजुली) लाई पनि हार्दिक श्रद्धाञ्जली अर्पणका साथै अन्तरहृदयदेखि नमन प्रकट गर्दछु । यसका साथै हिम्मत नहारी अगाडि बढ्नु पर्छ भनी अध्ययनलाई सहज वातावरण बनाइदिनु हुने आदरणीय गुरुआमा पार्वती गिरी (धर्मपत्नी प्रा.डा. जीवेन्द्र देव गिरी) प्रति पनि ऋणी छु । त्यसै गरी प्रविधिमा सहयोग गर्नु हुने त्रिवि छापाखानाका सुभाष खत्री र भाइ कृष्ण श्रेष्ठप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा प्रस्तुत शोधप्रबन्धको परिमार्जन गरी आवश्यक मूल्याङ्कन प्रक्रियाका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयसमक्ष प्रस्तुत गर्दछु ।

....................

**प्रतिभा पुन**

शोधार्थी

# शोधसार

प्रस्तुत शोधप्रबन्धमा धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा प्रतिविम्बित लोकतत्त्वको अध्ययन गरिएको छ । नेपालको धौलागिरि नामक हिमालय पर्वतको सेरोफेरोलाई आधार मानेर प्रस्तुत अध्ययनको क्षेत्र निर्धारण गरिएको हो । नेपालका सात प्रदेशमध्ये गण्डकी प्रदेशका एघार जिल्लाभित्र पर्ने म्याग्दी जिल्लामा धौलागिरि हिमालय पर्वत अवस्थित छ । सोही धौलागिरि हिमालय पर्वतको अवस्थिति रहेको म्याग्दी जिल्लालाई अध्ययनको प्रमुख स्थलका रूपमा लिँदै यसका आसपासका पर्वत जिल्ला र मुस्ताङ जिल्लालाई पनि यस शोधको अध्ययन क्षेत्रमा समेटिएको छ । यस अध्ययन क्षेत्रमा नेपाली भाषाका लोकतत्त्वले युक्त अनेक लोककथाहरू प्रचलित हुनु तर तिनको हालसम्म व्यवस्थित अध्ययन नहुनु नै यस अध्ययनको प्राज्ञिक समस्या हो । यही प्राज्ञिक समस्यासँग गाँसिएका धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा के कस्ता लोकविश्वास रहेका छन्, ती लोककथामा लोकरीतिरिवाज र प्रथाहरू कसरी प्रस्तुत गरिएका छन् र तिनमा स्थानीयताको अभिव्यक्ति कुन रूपमा भएको छ भन्ने शोधप्रश्नहरूको समाधान पहिल्याउने कार्य यस अध्ययनमा गरिएको छ । यसका निम्ति धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा विद्यमान लोकविश्वासको खोजी गर्नु, ती लोककथामा पाइने लोकरीतिरिवाज र प्रथाहरूको विश्लेषण गर्नु तथा तिनमा अभिव्यक्त स्थानीयताको मूल्याङ्कन गर्नु जस्ता उद्देश्य राखेर यो शोधकार्य सम्पन्न गरिएको छ । यही शोध उद्देश्यअनुरूप अध्ययन क्षेत्रका म्याग्दी जिल्लाका अन्नपूर्ण गाउँपालिका र रघुगङ्गा गाउँपालिका तथा पर्वत जिल्लाको जलजला गाउँपालिकाका मगर समुदाय तथा मुस्ताङ जिल्लाको ल्होघेकर दामोदरकुण्ड गाउँपालिकाका ल्होपा समुदायका लोककथामा प्रतिविम्बित लोकविश्वास, लोकरीतिरिवाज र प्रथा तथा स्थानीयता जस्ता लोकतत्त्वको अन्वेषण, विश्लेषण र मूल्याङ्कनमा यस अध्ययनलाई सीमित गरिएको छ ।

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि उपर्युक्त अन्नपूर्ण गाउँपालिका, रघुगङ्गा गाउँपालिका, जलजला गाउँपालिका र ल्होघेकर दामोदरकुण्ड गाउँपालिकामा क्षेत्रकार्य गरिएको छ । यसका लागि निर्धारित क्षेत्रमा गई लोककथाका स्रोतव्यक्तिलाई प्रत्यक्ष भेटेर उद्देश्यमूलक ढङ्गले नमुना छनोट गरी बयालिस ओटा लोककथाको श्रव्यदृश्य माध्यमबाट सङ्कलन गरिएको छ । क्षेत्रकार्यबाट सङ्कलित नेपाली भाषामा प्रचलित लोककथाका पाठहरू नै यसका प्राथमिक सामग्री हुन् । सङ्कलित लोककथाहरूलाई स्थानीय स्तरमा प्रचलित कथ्य नेपाली भाषामा प्रस्तुत गरिएको छ । सामग्रीको सत्यापनका लागि स्थानीय विज्ञहरूको सहयोग लिइएको र अध्येता स्वयम् त्यसै क्षेत्रको मगर समुदायसँग सम्बन्धित रहेकाले सङ्कलित सामग्री विश्वसनीय र प्रामाणिक रहेका छन् ।

प्रस्तुत गुणात्मक प्रकृतिको शोधमा मुख्यतः धौलागिरि क्षेत्रबाट सङ्कलित लोककथाका पाठहरूमा अन्तर्निहित विषयको विश्लेषण गरिएको छ । अध्ययनका सन्दर्भमा धौलागिरि क्षेत्रबाट सङ्कलित लोककथाहरू अध्ययन-विश्लेषणको मूल तत्त्वका रूपमा रहेका छन् । यही नै अध्ययनको तत्त्वमीमांसा हो । ती सङ्कलित लोककथाहरूको विश्लेषणका निम्ति ज्ञानमीमांसाको निर्माण गरिएको छ । यस क्रममा लोकतात्त्विक अध्ययन पद्धतिको अवधारणत्मक ढाँचा निमार्ण गरी सोका आधारमा लोककथाभित्र लुकेका विषयको अर्थात् लोकविश्वास, लोकरीतिरिवाज र प्रथा

तथा स्थानीयताको व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी शोधको मूल्यमीमांसाको निर्धारण गरिएको छ । धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकविश्वास, लोकरीतिरिवाज र प्रथाका साथै स्थानीयता लोकतत्त्वका रूपमा रहेका छन् भनी निकालिएको निष्कर्ष नै शोधको मूल्यमीमांसा हो ।

लोकसाहित्यिक अध्ययनमा स्थापित लोकतत्त्वसम्बन्धी अवधारणा नै सामग्री विश्लेषणको मूल आधार हो । विभिन्न विद्वान्हरूको लोकतत्त्वसम्बन्धी स्थापित मतका आधारमा सैद्धान्तिक अवधारणा निर्माण गरिएको छ र सोही सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन सम्पन्न गरिएको छ ।

अध्ययनका क्रममा धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा के कस्ता लोकविश्वास रहेका छन् भन्ने शोधप्रश्न (क) का सन्दर्भमा विवेचना गर्दा यहाँका लोककथामा अतिकल्पनासम्बन्धी लोकविश्वास सर्बाधिक र त्यसपछि क्रमशः आत्मशीलतासम्बन्धी लोकविश्वास, योग र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास, पशुपक्षीको स्वभावसम्बन्धी लोकविश्वास, लोकअनुष्ठानसम्बन्धी लोकविश्वास, दण्ड सम्बन्धी लोकविश्वास तथा थर, गोत्र र शाखाको जन्मसम्बन्धी लोकविश्वासको आधिक्य देखा परेको छ ।

धौलागिरि क्षेत्रका लोककथामा लोकरीतिरिवाज र प्रथाहरू कसरी प्रस्तुत गरिएका छन् भन्ने शोधप्रश्न (ख) का सन्दर्भमा विश्लेषण गर्दा व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाजका रूपमा सबैभन्दा बढी विवाह संस्कारसँग सम्बन्धित लोकरीतिरिवाज, त्यसपछि मृत्यु संस्कारसँग सम्बन्धित लोकरीतिरिवाज र सबैभन्दा कम जन्म संस्कारसँग सम्बन्धित लोकरीतिरिवाज देखा परेका छन् । विवाह संस्कारसँग सम्बद्ध लोकरीतिरिवाजमा प्रेम विवाह, अभिभावक इच्छित विवाह, मागी विवाह, छली विवाह, जबर्जस्ती विवाह र प्रतिस्धापर्धात्मक विवाह गरेर वैवाहिक जीवनमा प्रवेश गर्ने लोकरीतिरिवाजलाई अङ्गीकार गरेको पाइएको छ । मृत्यु संस्कारसम्बन्धी लोकरीतिरिवाजमा शव गाड्ने, शव जलाउने, शव गिद्धलाई खुवाउने र आशोच बार्ने संस्कार त्यहाँको प्रचलनमा रहेको निष्कर्ष निस्केको छ । जन्म संस्कारसम्बन्धी लोकरीतिरिवाजमा जातकर्मसम्बन्धी र नामकर्मसम्बन्धी लोकरीरिरिवाज रहेका छन् । यहाँका लोककथाका सामाजिक लोकरीतिरिवाजहरूमा सबैभन्दा बढी लोकरीतिरिवाजहरू व्यवसाय तथा धन्दासँग सम्बन्धित रहेका छन् भने त्यसपछि क्रमशः नातागोताबिचका सम्बन्ध, लौकिक अनुष्ठान, वेशभूषा, खानपान, महिना, वार वा दिन, मेलापर्व तथा औषधोपचारसँग सम्बन्धित लोकरीतिरिवाजको आधिक्य रहेको छ । यहाँको लोकसमाज तान्त्रिक प्रथामा बढी भर पर्ने गरेको पाइएको छ र त्यसको प्रभाव सर्वाधिक रूपमा लोककथामा देखा परेको छ । त्यसपछि क्रमश जाति प्रथा/बलि प्रथा, दाइजो प्रथा, छुवाछुत प्रथा / कटुवाले प्रथा / कचहरी प्रथा तथा सती प्रथा / मुखिया प्रथाको अस्तित्व अध्ययनीय कथामा देखिएको छ ।

धौलागिरी क्षेत्रमा प्रचलित लोककथामा स्थानीयताको अभिव्यक्ति कुन रूपमा भएको छ भन्ने शोधप्रश्न (ग) का सन्दर्भमा अध्ययनीय लोककथाहरूको मूल्याङ्कन गर्दा स्थानीय भूगोल, स्थानीय समाज र स्थानीय भाषाको प्रभाव व्यापक रूपमा रहेको निष्कर्ष प्राप्त भएको छ । ती लोककथाले त्यहाँका लोकको स्थानीय भूगोलका प्राकृतिक आकृति, नदी, खोला, हावापानी,

खेतीपाती, जलाशय, वनस्पति, जीवजन्तु र गाउँबस्तीसँग रहेको सम्बन्धलाई अभिव्यक्त गरेका छन् । लोककथाले स्थानीय समाजको संरचनाका मुख्य आधारका रूपमा रहेका पारिवारिक अवस्था, शासन व्यवस्था, वर्गीयता, जाति–जनजातीयता तथा धार्मिकतालाई अगाडि ल्याएका छन् । मान्छेको प्रारम्भिक अवस्थाको यायावरीय जीवन, मातृसत्ताबाट पितृसत्तात्मक समाज व्यवस्थातिर ढल्केको समाज, सिकारी युग, कृषि युग, क्रान्ति युग र ती युगअनुसारका जीवनपद्धति तथा व्यवस्थाको प्रतिविम्बन लोककथाहरूमा भएको छ । यहाँको समाजमा संयुक्त र एकल दुबै प्रकारका परिवारको अस्तित्व देखा परेको र हाडनाता विवाहमा आधारित परिवार व्यवस्थाको विरोध हुन थालेको, सामूहिक विवाहमा आधारित परिवार, युगल परिवार एवम् एकनिष्ठ परिवार व्यवस्था समाजमा कायम रहेको जस्ता कुरा यहाँका लोककथामा फेला परेका छन् । यहाँका कतिपय लोककथामा उच्च वर्ग र निम्न वर्गका बिच अन्तर्विरोध रहे पनि अन्याय विरुद्धको सङ्घर्ष मानव पात्रबाट नहुनु तथा कुनै कुनै लोककथामा पशु र वस्तु पात्रका माध्यमबाट प्रतीकात्मक रूपमा अन्यायको विरोध हुनुले मानव चेतनाको कमजोर अवस्था प्रतिविम्बित छ । यहाँका लोककथामा वर्णित समाजमा प्रमुखतः प्रकृतिपूजक बोनधर्म र बौद्धधर्मसँग सम्बन्धित मूल रैथाने आदिवासी जनजातिमध्येका मगर र ल्होपा तथा हिन्दु वर्णाश्रम व्यवस्थाका चार जातमध्येका ब्राह्मण जातसँग सम्बन्धित पण्डित र ज्योतिषी एवम् कथित शूद्र जातका कामी र दमाईको बसोबास रहेको पाइएको छ जहाँ सामाजिक सद्भावपूर्ण अवस्था विद्यमान छ । यहाँका लोककथाका शब्द, वाक्य, उखान र टुक्कामा स्थानीयपना रहेको तथा तिनमा आफ्नै रैथाने शब्दहरूको ठुलो सङ्ख्यामा प्रयोग हुनु र कतिपय तद्भव र आगन्तुक शब्दलाई स्थानीयपनाले युक्त तुल्याई प्रयोग गर्ने काम हुनुले भाषामा लौकिक विशेषता थपिएको पाइन्छ ।

धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा प्रतिविम्बित लोकतत्त्वको अध्ययन हालसम्म नभएको स्थितिमा प्रस्तुत अध्ययनले त्यहाँका मगर र ल्होपा समुदायका लोककथामा विद्यमान लोकविश्वास, लोकरीतिरिवाज र प्रथा तथा स्थानीयता जस्ता लोकतत्त्वलाई प्रकाशमा ल्याएको छ । यही नै प्रस्तुत शोधकार्यको ज्ञानका क्षेत्रमा नवीन योगदान भएको छ ।

# विषयसूची

**सिफारिसपत्र** **क**
**स्वीकृतिपत्र** **ख**
**प्रतिबद्धता** **ग**
**कृतज्ञताज्ञापन** **घ-ङ**
**शोधसार** **च**
**विषयसूची** **झ**
**तालिका सूची** **ढ**
**आरेख सूची** **ण**

**अध्याय एक : शोधपरिचय**
१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ शोधको उद्देश्य ४
१.४ पूर्वकार्यको समीक्षा ४
१.५ शोधको औचित्य र महत्त्व २७
१.६ शोधको सीमाङ्कन २८
१.७ शोधविधि २९
१.७.१ सामग्री सङ्कलन विधि २९
१.७.२ सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा ३०
१.७.२.१ सैद्धान्तिक आधार ३०
१.७.२.२ विश्लेषण ढाँचा ३४
१.८ शोधप्रबन्धको रूपरेखा ३६

**अध्याय दुई : धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकविश्वासको प्रतिविम्बन**
२.१ विषयप्रवेश ३७
२.२ सैद्धान्तिक अवधारणा ३७
२.२.१ लोकविश्वासको परिचय ३७
२.२.२ लोकविश्वासका प्रकार र स्वरूप ३९
२.२.२.१ अतिकल्पनासम्बन्धी लोकविश्वास ४१
२.२.२.२ योग र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास ५२
२.२.२.३ लोकअनुष्ठानसम्बन्धी लोकविश्वास ५६
२.२.२.४ आत्मशीलतासम्बन्धी लोकविश्वास ५७
२.२.२.५ पशुपक्षीको स्वभावसम्बन्धी लोकविश्वास ५८
२.२.२.६ दण्डसम्बन्धी लोकविश्वास ५९

२.२.२.७ थर, गोत्र र शाखाको उत्पत्तिसम्बन्धी लोकविश्वास ५९
२.३ सङ्कलित लोककथामा लोकविश्वासको प्रतिविम्बन ५९
२.३.१ अतिकल्पनाको विश्वास ६०
२.३.१.१ बहुलोकसम्बन्धी विश्वास ६०
२.३.१.२ दैवी शक्तिप्रतिको विश्वास ६१
२.३.१.३ अर्द्धदैविक शक्तिप्रतिको विश्वास ६४
२.३.१.४ अतृप्त आत्माप्रतिको विश्वास ६५
२.३.१.५ असाधारण शक्तिप्रतिको लोकविश्वास ६७
२.३.१.६ सांस्कृतिक नायकसँग सम्बन्धित विश्वास ७०
२.३.१.७ भविष्यवाणीप्रतिको विश्वास ७१
२.३.१.८ वरदानसम्बन्धी विश्वास ७३
२.३.१.९ आशिष्सम्बन्धी लोकविश्वास ७५
२.३.१.१० श्रापसम्बन्धी लोकविश्वास ७५
२.३.१.११ लक्षण र अलक्षणप्रतिको विश्वास ७७
२.३.१.१२ भाग्यसम्बन्धी लोकविश्वास ७८
२.३.१.१३ पुनर्जन्मसम्बन्धी लोकविश्वास ७९
२.३.२ योग र तन्त्रमन्त्रसँग सम्बन्धित विश्वास ८१
२.३.२.१ झाँक्री, धामी वा लामा र तन्त्रमन्त्रप्रतिको लोकविश्वास ८१
२.३.२.२ बोक्सा/बोक्सी र तन्त्रमन्त्रसम्बन्धी विश्वास ८५
२.३.२.३ तन्त्रमन्त्रद्वारा रूपान्तरणसम्बन्धी विश्वास ८६
२.३.३ लोकअनुष्ठानप्रतिको विश्वास ८९
२.३.४ आत्मशीलताप्रतिको विश्वास ९१
२.३.४.१ मानवेतर प्राणीमा आत्मशीलताको विश्वास ९१
२.३.४.२ वनस्पतिमा आत्मशीलताको विश्वास ९७
२.३.४.३ पदार्थमा आत्मशीलताको विश्वास ९८
२.३.५ पशुपक्षीको स्वभावसम्बन्धी विश्वास ९९
२.३.६ दण्डसम्बन्धी लोकविश्वास १००
२.३.७ थर, गोत्र र शाखाको जन्मसम्बन्धी लोकविश्वास १०२
२.४ लोकविश्वासको समग्र स्थिति १०२

**अध्याय तीन : धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा लोकरीतिरिवाज र लोकप्रथाको प्रतिविम्बन**

३.१ विषयप्रवेश १०६
३.२ सैद्धान्तिक अवधारणा १०६
३.२.१ लोकरीतिरिवाजको परिचय १०६
३.२.२ लोकरीतिरिवाजका प्रकार र स्वरूप १०७
३.२.२.१ व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाजका प्रकार स्वरूप १०९

३.२.२.२ सामाजिक जीवनसँग सम्बद्ध लोकरीतिरिवाजका प्रकार स्वरूप ११८
३.२.३ लोकप्रथाको परिचय १२५
३.२.४ लोकप्रथाका प्रकार र स्वरूप १२५
३.२.४.१ तान्त्रिक प्रथा १२६
३.२.४.२ जाति प्रथा १२७
३.२.४.३ छुवाछुत प्रथा १२८
३.२.४.४ बलि प्रथा १२८
३.२.४.५ दाइजो प्रथा १२९
३.२.४.६ कटुवाले प्रथा १२९
३.२.४.७ कचहरी प्रथा १२९
३.२.४.८ सती प्रथा १३०
३.२.४.९ मुखिया प्रथा १३०
३.३ सङ्कलित लोककथामा लोकरीतिरिवाज र प्रथाको प्रतिविम्बन १३०
३.३.१ लोकरीतिरिवाजको प्रतिविम्बन १३१
३.३.१.१ व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाजको प्रतिविम्बन १३१
३.३.१.२ सामाजिक जीवनसँग सम्बद्ध लोकरीतिरिवाजको प्रतिविम्बन १४४
३.३.२ सङ्कलित लोककथामा लोकप्रथाको प्रतिविम्बन १६८
३.३.२.१ तान्त्रिक प्रथा १६८
३.३.२.२ जाति प्रथा १७०
३.३.२.३ छुवाछुत प्रथा १७१
३.३.२.४ बलि प्रथा १७२
३.३.२.५ दाइजो प्रथा १७३
३.३.२.६ कटुवाले प्रथा १७३
३.३.२.७ कचहरी प्रथा १७४
३.३.२.८ सती प्रथा १७५
३.३.२.९ मुखिया प्रथा १७५
३.४ लोकरीतिरिवाज र प्रथाको समग्र स्थिति १७५

**अध्याय चार : धौलागिरि क्षेत्रमा प्रचलित लोककथामा स्थानीयताको प्रतिविम्बन**

४.१ विषयप्रवेश १८२
४.२ सैद्धान्तिक अवधारणा १८२
४.२.१ स्थानीय भूगोल १८४
४.२.१.१ प्राकृतिक आकृति १८५
४.२.१.२ हावापानी र खेतीपाती १८६
४.२.१.३ जलाशय १८७
४.२.१.४ वनस्पति र खनिज पदार्थ १८८

४.२.१.५ जीवजन्तु १८८
४.२.१.६ गाउँबस्ती १८९
४.२.२ स्थानीय समाज १९०
४.२.२.१ परिवार १९२
४.२.२.२ शासन व्यवस्था १९५
४.२.२.३ जाति–जनजातीयता १९५
४.२.२.४ वर्गीयता १९७
४.२.२.५ धार्मिक सम्प्रदाय १९८
४.२.३ स्थानीय भाषा १९९
४.२.३.१ शब्द २०२
४.२.३.२ वाक्य २०३
४.२.३.३ उखान २०७
४.२.३.४ टुक्का २०७
४.३ लोककथामा प्रतिविम्बित स्थानीयता २०८
४.३.१ स्थानीय भूगोल २०८
४.३.१.१ प्राकृतिक आकृति २०८
४.३.१.२ हावापानी र खेतीपाती २१३
४.३.१.३ जलाशय २१६
४.३.१.४ वनस्पति र खनिज पदार्थ २१८
४.३.१.५ जीवजन्तु २२०
४.३.१.६ गाउँबस्ती २२१
४.३.२ स्थानीय समाज २२४
४.३.२.१ पारिवारिक अवस्था २२४
४.३.२.२ शासन व्यवस्था २२७
४.३.२.३ जाति–जनजातीयता २३१
४.३.२.३ वर्गीयता २३५
४.३.२.५. धार्मिकता २३७
४.३.३ स्थानीय भाषा २३९
४.३.३.१ शब्द २४०
४.३.३.२ वाक्य प्रयोग २५३
४.३.३.३ उखान प्रयोग २५८
४.३.३.४ टुक्का प्रयोग २५८


**अध्याय पाँच : सारांश तथा निष्कर्ष**


५.१ विषयप्रवेश २६०
५.२ अध्यायगत सारांश २६०

५.३ प्राप्ति २७८
५.४ निष्कर्ष २७१
५.४ भावी अध्ययनका लागि सम्भाव्य शीर्षक २८७
परिशिष्ट १ : धौलागिरि क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन २७८
परिशिष्ट २ : लोककथावाचकहरूको विवरण ३४७
परिशिष्ट ३ : सामग्री सङ्कलनका निम्ति प्रयोग गरिएको प्रश्नावली ३५१
परिशिष्ट ४ : अध्ययन क्षेत्रका नक्साहरू ३५२
परिशिष्ट ५ : सङ्कलित लोककथाका मानक नेपाली अनुवादका नमुना ३५४
सन्दर्भ सामग्रीसूची ३५६

# तालिका सूची


तालिका १ : व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाज १७६
तालिका २ : सामाजिक जीवनसँग सम्बद्ध लोकरीतिरिवाज १७७
तालिका ३ : लोककथामा प्रतिविम्बित लोकप्रथाहरू १८१
तालिका ४ : शब्दप्रयोगको स्थिति २४१
तालिका ५ : नामपद प्रयोगको स्थिति २४४
तालिका ६ : सर्वनाम प्रयोगको अवस्था २४५
तालिका ७ : अर् धातुबाट बनेका शब्दप्रयोग २४६
तालिका ८ : विशेषण प्रयोगको अवस्था २४७
तालिका ९ : धातुमा 'इर' प्रत्यय लागेका शब्दको प्रयोग २४८
तालिका १० : स्थानीय विशेषतायुक्त अनुकरणात्मक शब्दको प्रयोग २४९
तालिका ११ : स्थानीय विशेषतायुक्त नामयोगी शब्दको प्रयोग २५०
तालिका १२ : स्थानीय विशेषतायुक्त संयोजक शब्दको प्रयोग २५१
तालिका १३ : स्थानीय विशेषतायुक्त विस्मयादिबोधक शब्दको प्रयोग २५१
तालिका १४ : स्थानीय विशेषतायुक्त निपात शब्दको प्रयोग २५२
तालिका १५ : संयुक्त वाक्यको प्रयोग २५४
तालिका १६ : मिश्र वाक्यको प्रयोग २५५
तालिका १७ : पुलिङ्गी र स्त्रीलिङ्गी क्रियापदमा समान प्रयोग २५६
तालिका १८ : टुक्काको प्रयोग २५८
तालिका १९ : पर्वत जिल्लामा वाचित लोककथाहरू र लोककथा वाचकहरू ३४६
तालिका २० : म्याग्दी जिल्लामा वाचित लोककथाहरू र लोककथा वाचकहरू ३४७
तालिका २१ : मुस्ताङ जिल्लामा वाचित लोककथाहरू र लोककथा वाचकहरू ३४९

# आरेख सूची


| | |
|---|---|
| आरेख १ : लोककथा विश्लेषणको ढाँचा | ३५ |
| आरेख २ : लोकविश्वासका प्रकार | ४१ |
| आरेख ३ : अतिकल्पनासम्बन्धी लोकविश्वास | ४२ |
| आरेख ४ : भविष्यवाणीसम्बन्धी लोकविश्वास | ४९ |
| आरेख ५ : योग र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास | ५४ |
| आरेख ६ : आत्मशीलताका प्रकार | ५८ |
| आरेख ७ : लोकरीतिरिवाजका प्रकार | १०८ |
| आरेख ८ : व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाज | ११० |
| आरेख ९ : सामाजिक जीवनसँग सम्बद्ध लोकरीतिरिवाज | ११९ |
| आरेख १० : लोकप्रथाका प्रकार | १२६ |
| आरेख ११ : व्यक्तिगत जीवनसँग सम्बद्ध लोकरीतिरिवाजहरू | १३१ |
| आरेख १२ : स्थानीयता | १८३ |
| आरेख १३ : स्थानीय भूगोल | १८५ |
| आरेख १४ : स्थानीय समाज | १९२ |
| आरेख १५ : स्थानीय भाषा | २०२ |